खण्ड : ८ बाबियाचौर, म्याग्दी, संख्या : १ मिति : २०८२ साल असार १२

मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ बाबियाचौर, म्याग्दी, संख्या : १ मिति : २०८२ साल असार १२

भाग-२

## मंगला गाउँपालिका

## सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावना :**

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अन्य सरकारी संस्थाहरुमा सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितीमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ्य राख्न आमाहरुको उच्च सहभागीताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक बिकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११ उपदफा (२) खण्ड झ (२) एवं मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित

गर्ने) ऐन २०७५ को दफा ४ उपदफा १ बमोजिम मंगला गाउँपालिकाले **सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८२** बनाएको छ । यो कार्यविधि मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

## १. उद्देश्य

१.१. मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

१.२. सुत्केरी आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र संस्थागत सुत्केरी सेवा लिनको लागि अभिप्रेरित गर्न,

१.३. मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन,

१.४. लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुती दिलाउन,

१.५. गरिब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न,

१.६. प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सवैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनीहरुलाइ यसको बारेमा सचेत गराउन,

१.७. स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्दि गर्न,

## २. पौष्टिक आहारको व्यवस्थाका लागि पोषण प्रोत्साहन सामाग्री प्रदान गर्न सकिने

२.१. आ.व. ०८१/०८२ को श्रावण १ गते देखी मंगला गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थामा सुत्केरी हुने सबै महिलाको हकमा यो कार्यविधि लागु हुनेछ,

२.२. यो पौष्टिक आहारको व्यवस्थाका लागि पोषण प्रोत्साहन सुत्केरी महिलाले बढीमा २ पटक सुत्केरी सेवाको लागि मात्र पाउने छन ।

## ३. पोषण प्रोत्साहन सामाग्री पाउने आधारहरु

३.१. महिलाले नेपाल सरकारले तोकेबमोजिम स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गरेको हुनु पर्ने,

३.२. मंगला गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनु पर्ने,

## ४. आवश्यक कागजातहरु

४.१. नवजात शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्र (Birth certificate) को प्रतिलिपी,

४.२. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको गभर्वती तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपी,

४.३. पोषण प्रोत्साहन सामाग्री वितरण तथा प्राप्त गरेको तस्विरहरु ।

## ५. पोषण प्रोत्साहन सामाग्री प्रदान गर्ने तरिका

५.१. मंगला गाउँपालिका अन्तर्गत अस्पताल वा प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा सुत्केरी भएका प्रत्येक सुत्केरी महिलालाई बढीमा रु. ४०००।—(अक्षरुपी चार हजार रुपैंया) बराबरको पोषण प्रोत्साहन सामाग्री उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने पोषण प्रोत्साहन सामाग्री मंगला गाउँपालिकाले स्थानीय प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरु बाट तत्कालै उपलब्ध गराईनेछ । सम्भव भएसम्म गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्ष, स्वास्थ्य संस्थाका कर्मचारी वा अन्य जन प्रतिनिधिको रोहबरमा अनुसुची -१ बमोजिम भरपाई गरि वितरण गरिनेछ ।

## ६. पोषण प्रोत्साहन सामाग्री पौष्टिक तत्वयुक्त हुनुपर्ने

६.१. मंगला गाउँपालिकाको कार्यालयले पोषण प्रोत्साहन बापत प्रति सुत्केरी उपलब्ध गराउने बढीमा ४०००।— (चार हजार रुपैंया) रकम बाट गाउँपालिका भित्रका प्रसूति केन्द्रमा सुत्केरी भए वापत बढीमा रु ३०००।- (तिन हजार रुपैंया) बराबरको कुखुराको भाले वा स्थानीय स्तरमा उपलब्ध हुने पोषणजन्य सामाग्री साथै सो सुत्केरी महिलाले गर्भवती अवस्थामा प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गरेको भएमा बढीमा रु १०००।- (एक हजार रुपैंया) बराबरको अण्डा वा स्थानीय स्तरमा उपलब्ध हुने पोषणजन्य सामाग्री प्रसुती सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले तत्कालै उपलब्ध गराउनु पर्नेछ र सो को सम्पुर्ण कागजात सहित निवेदन पेश गरे पश्चात उक्त स्वास्थ्य संस्था/संस्था प्रमुखलाई गाउँपालिकाको कार्यालय बाट सोधभर्ना रकम उपलब्ध गराईने छ ।

## ७. विविध

७.१. बाधा अडकाउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७.२. कार्यविधिको संशोधन तथा परिमार्जनः कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

७.३. अनुसूचीमा हेरफेर तथा थपघटः कार्यपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

७.४. बाझिएमा : यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

७.५. कारवाही : यस कार्यविधि विपरित मंगला गाउँपालिका क्षेत्र बाहिरका स्वास्थ्य संस्थामा प्रसुति हुने महिलाको हकमा यो कार्यविधि कार्यान्वयन गर्न/गराउन सकिने छैन । तर, मंगला गाउँपालिका भित्र रहेका जुनसुकै प्रसुति केन्द्र रहेका स्वास्थ्य संस्थाबाट जटिलतायुक्त प्रसुतिका लागि जटिलताको कारण सहित अन्यत्र प्रेषण गरिएका गर्भवती/सुत्केरी महिलाको हकमा पोषण प्रोत्साहन सामाग्री उपलब्ध गराउन बाधा पर्ने छैन ।

## अनुसूची-१

मंगला गाउँपालिकाको सुत्केरी महिलासँग उपध्यक्ष कार्यक्रम अन्तर्गत तपशिल अनुसारका सुत्केरी महिलाहरुले तपशिलमा उल्लेख गरिए अनुसारको मितिमा उल्लेखित पोषण प्रोत्साहन मंगला गाउँपालिका गाउँपालिका उपाध्यक्ष,/वडा अध्यक्ष/स्वास्थ्य संस्थाका कर्मचारी/ अन्य जन प्रतिनिधिको रोहबरमा बुझिलिई गरेको भरपाई :-

आ.व. महिना:- स्वास्थ्य संस्था :

| सि.नं | सुत्केरी महिलाको नाम,थर | ठेगाना | बुझेको पोषण सामाग्री | बुझेको मिति | सुत्केरी महिलाको दस्तखत | रोहवर उपस्थिति र दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सम्बन्धित स्वाथ्य संस्थाको छापः संस्था प्रमुखको दस्ताखतः

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत